नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

**जिल्ला प्रशासन कार्यालय, सिरहाका प्रमुख जिल्ला अधिकारीबाट स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) तथा संक्रमक रोग ऐन, २०२० को दफा ३ र ४ अनुरुप मिति २०७७ आश्विन १० गते राती १२:०० बजे देखि सिरहा जिल्ला भरका लागि भएको आदेश :** 2066 आश्विन १०

सिरहा जिल्लामा कोभिड १९ को संक्रमण जोखिम कायमै रहि कोभिड १९ को संक्रमणबाट १२ जना व्यक्तिहरुको दुःखद निधन भैसकेको र हाल ७७८ जना संक्रमित रहेको। कोभिड १९ संक्रमण न्यूनीकरण गर्न स्वास्थ्य र सुरक्षा मापदण्ड तथा प्रोटोकलको पालना गर्दै जनजीवनलाई पनि अनुकुलन तुल्याउन आवश्यक देखिएको हुँदा मिति २०७७ साल आश्विन १० गते राती १२:०० बजे देखि मिति २०७७ साल आश्विन २५ गते राती १२:०० बजे सम्म सिरहा जिल्ला भर लागु हुने गरी नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) र संक्रमक रोग ऐन, २०२० को दफा ३ र ४ को अधिकार प्रयोग गरी देहाय अनुरुप गर्न गराउनको लागि यो आदेश जारी गरिएको छ।

यस आदेशमा उल्लेखित देहायका शर्त पालना गर्ने गराउने तर्फ क्रियाशिल भई कोभिड १९ संक्रमणको जोखिम न्यूनीकरणमा सहयोग पुर्‍याउन सिरहा जिल्ला स्थित जिल्ला समन्वय समितिको कार्यालय, सबै (१७ वटा) स्थानीय तहहरु, राजनीतिक क्षेत्र, उद्योग, वाणिज्य/व्यपारिक संघ संस्था, सामाजिक संघसंस्था, आम सर्वसाधारण एवं सरोकारवालाहरुमा अनुरोध छ।

**निषेध गरिएका गतिविधिहरु :**

१. **हाटबजार लगाउन,**

२. मानिसहरु भेला हुन, भीडभाड गर्न, सभा जुलुस वा प्रदर्शन हुने जस्ता कार्य गर्न गराउन ,
सबै प्रकारका सभा, गोष्ठी तलिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरंजन स्थल, शैलुन, ब्युटिपार्लर, स्पा, स्वीमिंग पुल, जिमखाना, समुहमा खेलिने खेलकुद, र खेल प्रस्तुति, प्रदर्शनी, पुस्तकालय, संग्रहालय संचालन गर्न,

३. भीडभाड हुने गतिविधि : जस्तै **जात्रा, महोत्सव, भोजभतेर र मेला** आदि संचालन गर्न गराउन,

४. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक तथा साँस्कृतिक स्थलहरुमा दैनिक नित्य पुजा, आरधना बाहेकका गतिविधिहरु संचालन गर्न,

५. चाडपर्व लगायतका धार्मिक साँस्कृतिक तथा सामाजिक कार्य गर्नका लागि हुने जमघटहरु,

६. बढी भिडभाड हुने उद्योग, कलकारखाना, व्यापार/व्यवसाय अन्तर्गतका स्वास्थ्य तथा सुरक्षा मापदण्ड विपरित हुने क्रियाकलापहरु गर्न,

७. स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड/प्रोटोकल विपरित हुने गरी वा नेपाल सरकारको निर्णय विपरित हुने गरी शैक्षिक संस्थाहरु संचालन गर्न,

८. उद्योग, व्यापार, व्यवसाय, निर्माण आदि कार्य गर्नको लागि स्वास्थ्य तथा सुरक्षा मापदण्ड विपरित श्रमिक/कामदारको ओसार पसार तथा प्रयोग गर्न।

९. नेपाल सरकारद्धारा निषेध गरेका अन्य विषय तथा क्षेत्रहरु।

**संचालन गर्न सकिने क्रियाकलापहरु :**

१. अति आवश्यक काम नपरी घर बाहिर ननिस्कन, अति आवश्यक कार्य परेर बाहिर निस्कदा मास्कको अनिवार्य प्रयोग गर्ने, कम्तिमा २ मिटरको सामाजिक दुरी कायम गर्ने र साबुन पानिले हाथ धुने वा स्यानिटाइजरको प्रयोगलाई अनिवार्य गर्ने जस्ता स्वास्थ्य तथा सुरक्षा मापदण्ड अवलम्वन गरी पालना गर्ने।

२. माडर नाकाबाट मात्र नेपाली नागरिक भारत तर्फ बाट आउन सक्ने, आइसकेपछि क्वोरेन्टिनमा बसि PCR परीक्षण गर्नु पर्ने, अन्य सीमा क्षेत्रबाट आवत जावत गर्न नपाइने नेपाल सरकारको निर्णय भने यथावत कायम रहिरहने छ।

३. सवारी साधन :
क. सिट क्षमताको ५० प्रतिशत यात्रु रहने।
ख. भौतिक दुरी कायम हुने गरी एक पंक्तिको सिटमा १ जना मात्र यात्रु राख्ने। सिटमा बाहेक यात्रु राख्न नपाउने।
ग. सबै यात्रुले मास्क लगाउने।
घ. यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजर समेतको व्यवस्था गर्ने।
ङ. चालक तथा सहचालकले मास्क, भाइजर र पञ्जा लगाउने।
च. सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्ने।
छ. यो व्यवस्था लागू रहँदासम्म तोकिएको भाडा दरमा अधिकतम थप ५० प्रतिशतसम्म भाडा लिन सक्ने।

**प्रमुख जिल्ला अधिकारी**

ज. सार्वजनिक यातायात सञ्चालन र यात्रु व्यवस्थापन सम्बन्धी थप र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा तयार भएको विस्तृत मापदण्ड कार्यान्वयन गर्ने ।

झ. सार्वजनिक यातायात सञ्चालन तथा यात्रु व्यवस्थापन यस दफा बमोजिम भए नभएको र स्वास्थ्य तथा सुरक्षा मापदण्डको कडाईका साथ पुर्ण पालना भए नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरीले गर्ने गराउने ।

ञ. कुनै पनि सवारी साधनको गति (Speed) सिमित हुनुपर्नेछ।

४. नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड/प्रोटोकल अनिवार्य पालना गर्ने गरी संचालन गर्नपर्ने :

(क) <u>उद्योग तथा कल कारखाना एवं कृषि क्षेत्रको व्यवसाय :</u>

आ-आफ्नो परिसरमा सञ्चालन गर्ने व्यवस्था यथावत कायम रहनेछ।

(ख) <u>पसल संचालन</u> :

- अत्यावश्कीय : औषधी र स्वास्थ्य सेवा नियमित रुपमा सञ्चालन हुनेछ।
- खाध्यान्न, दुध, फलफूल, तरकारी, ग्यास, माछा मासु वा अण्डा जस्ता सेवा र अन्य सामान विक्री गर्ने पसलहरु : विहान ५:०० वजे देखि अपरान्ह ६:०० वजे सम्म ।
- <u>होटल तथा रेष्टुराहरु :</u> स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेण्ट, ट्रेकिंग, तथा ट्राभल्स व्यवसाय सञ्चालन गर्ने । होटल, रेष्टुरेण्ट, ट्रेकिंग, तथाा ट्राभल्स व्यवसाय सञ्चालन गर्दा जनस्वास्थ्य र सुरक्षाका मापदण्ड कडाइका साथ पुर्ण पालना भए नभएको अनुगमन गर्ने । साथै तयारी खानाको सप्लाई दिने टेक अवे को सेवा दिन सक्नेछन् । त्यस्ता टेक अवे सेवा (होम डेलिभरी)दिनेले भिडभाड नहुने, दुरी कायम हुने, स्यानिटाइजर प्रयोग गर्ने र स्वास्थ्य सुरक्षा मापदण्ड प्रयोग गरी विहान ५:०० बजे देखी साँझ ८:०० बजे सम्म ।
- <u>यसरी व्यापार व्यवसाय सञ्चालन गर्दा तपसिल बमोजिम नभएमा व्यपार व्यवसाय सो दिनका लागि तत्कालै बन्द गरि ऐन बमोजिम जरिवाना वा कैद गरिनेछ :</u>
  - आ-आफ्नो सेवा स्थल अगाडी कम्तीमा २ मीटर दूरी कायम गराउनु पर्नेछ ।
  - विक्रेता वा सेवा प्रदायकले अनिवार्य मास्क लगाएको हुनुपर्ने । साथै सेवाको प्रकृति हेरी फेशशिल्ड र पञ्जा लगाएको हुनुपर्नेछ : जस्तै औषधि पसल, होटल/रेष्टुँरा, खाध्यान्न पसल आदि।
  - मास्क नलगाई आउने सेवाग्राही/क्रेतालाई विक्री वा सेवा दिन पाइने छैन ।
  - सेवाग्राहीकालागी हात धुने सावुन पानी वा स्यानिटाइजरको व्यवस्था गरेको हुनुपर्नेछ ।

- यस कार्यको लागि तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

सम्बन्धित स्थानीय तहको वडाध्यक्ष, उद्योग वाणिज्य संघ र नजिकको सुरक्षा निकाय सहितको एक अनुगमन समिति रहनेछ ।

५. उद्योग, कलकारखाना संचालन गर्दा कामदारहरुको खाने बस्ने व्यवस्थाका लागि अनिवार्य रुपमा उद्योग परिसरमै क्याम्प राख्ने व्यवस्था गरी जनस्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्नु गराउनु पर्नेछ । साथै आवश्यक पर्ने पिपिइ सेट लगायतका स्वास्थ्य सामाग्री सम्बन्धित उद्योग कलकारखाना आफैले प्रबन्ध गर्नु पर्नेछ ।

६. स्वाब परिक्षण गराउने व्यक्तिहरु रिपोर्ट नआउन्जेलसम्म अनिवार्य रुपमा होम क्वारेन्टाइन वा स्थानीय तहबाट संचालित क्वारेन्टाइनमा बस्नु पर्नेछ । कन्ट्याक्ट ट्रेसिंगमा परेका व्यक्तिहरु समेत स्वाव परिक्षण गराउने व्यक्तिहरुको रिपार्ट नआउन्जेलसम्म अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्नु पर्नेछ । होम क्वारेन्टाइनमा बसे नबसेको निगरानी सम्बन्धित स्थनीय तहको वडा कार्यालयले गर्नु पर्नेछ । यस व्यवस्थाको उल्लघंन हुने गरी जथाभावी हिडडुल गर्नेहरु उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही हुनेछ ।

७. सरकारी तथा सार्वजनिक कार्यालहरु र बैंक वित्तिय संस्थाहरुमा हुन सक्ने भिडभाडलाई दृष्टिगत गरी त्यस्ता कार्यालयले सेवाको किसिम र भौगोलिक स्थान खुलाई समय तालिका बनाई पुर्व सूचना जारी गरी सेवा प्रवाह गर्ने । त्यस्तो सूचनाको जानकारी तत्काल जिल्ला प्रशासन कार्यालय र सबै स्थानीय तहहरु समतेलाई उपलब्ध गराउने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

सरकारी/सार्वजनिक संस्थागत तथा अन्य नीजि कार्यालयका सेवा :

क) स्वास्थ्य तथा सुरक्षाका मापदण्ड अवलम्बन गरेर मात्र सञ्चालन गर्नुपर्नेछ, जस्तै :

- सेवाग्राहीले समेत मास्क लगाएको हुनुपर्ने
- २ मीटर दुरी कायम भएको हुनुपर्ने
- हात धुने साबुन पानी वा स्यानिटाइजरको व्यवस्था हुनुपर्ने

ख) कार्यालयले सेवा प्रदान गर्दा भीडभाड हुन नदिन/आवश्यक पर्दा सेवाको किसिम, सेवा पाउने मानिसको भौगोलिक स्थान वा प्रकृति, सेवा प्रदान हुने दिन वा समय खोली संम्बन्धित कार्यालयले पूर्व सूचना गरी सो को अग्रिम जानकारी जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा सबै स्थानीय तह समेतमा दिनुपर्नेछ ।

ग) सेवा प्रदायक कार्यालय/निकाय वा स्थलमा कोभिड-१९ को संक्रमण देखिन आएमा शिल गरी परीक्षण गराई केही समयका लागि सेवा बन्द गर्न सकिनेछ ।

८. कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थाले अवरुद्ध रहेको विद्यालयको नियमित पठनपाठन सुचारु गर्न नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७।०५।१९ को माननीय मन्त्री स्तरीय निर्णय अनुसार स्वीकृत "विद्यार्थी सिकाई सहजिकरण निर्देशिका, २०७७" ले निर्दिष्ट गरेको परिधी र मापदण्ड भित्र रही निर्देशिका बमोजिम सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्र भित्रका सम्पुर्ण शैक्षिक संस्थाहरुसँग कार्ययोजना माग गरी शैक्षिक संस्थाहरु विद्यार्थी सिकाई सहजिकरण निर्देशिका बमोजिम गर्न अनुरोध गर्ने ।

२०७७ आश्विन १०

प्रदिपराज कंडेल

**प्रमुख जिल्ला अधिकारी**